# नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मितिः २०८१/०३/२६

## अनुशासन सम्बन्धी सुचना
## सचेत गराइएको बारे ।

एक गैर सरकारी संस्थाको आ.व. २०७५/७६ को लेखापरीक्षण गर्ने क्रममा एक लेखापरीक्षकले उक्त निकायले कर्मचारी सेवा नियमावली र आर्थिक नियमावलीलाई खारेज गरी मिति २०७५ कार्तिक २५ गते "संस्था व्यवस्थापन विनीयमावली" जारी गरी सो विनीयमावलीमा कर्मचारीहरुको विदा, औषधीउपचार तथा उपदान बापतको व्यवस्था कटौति गरेकोमा सो निकायबाट भएका निर्णयहरुको बेवास्ता गरी वा अध्ययन नगरी हेलचेक्राई गरी सम्बन्धित आर्थिक वर्षमा "संस्था व्यवस्थापन विनीयमावली" जारी गरेको मितिसम्म कायम हुन आउने कर्मचारी सुविधाको व्यवस्था बापतको दायित्व रकमलाई सो आ.व. को लेखापरीक्षण प्रतिवेदनमा कहीं कतै नदेखाएको आरोप सहित सम्बन्धित लेखापरीक्षक विरुद्ध संस्थामा दर्ता भएको उजुरी उपर छानबिन कार्य सम्पन्न गरी परिषदको मिति २०८१ असार १६ गते बसेको ३२९औं बैठकले निज लेखापरीक्षकले उक्त निकायद्वारा कर्मचारी सुविधा बापतको थप व्यवस्था कायम नगरेको कुरालाई लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाउन पर्ने थियो वा थिएन भनी विश्लेषण नगरेको तथा कर्मचारीको सुविधा व्यवस्था सम्वन्धी दायित्व र सो व्यवस्थाबाट नागरिक लगानी कोषमा गरिएको लगानी लाई नेट अफ गरी प्रस्तुतिकरण गरेको सम्बन्धमा लेखा सम्बन्धी टिप्पणीमा उपयुक्त खुलासा नभएको प्रति कैफियत नजनाएको हदसम्म लेखापरीक्षकको कमजोरी भएको देखिएको भएपनि निज लेखापरीक्षकले उक्त रकमको व्यवस्था नगरिएको कुरा र कर्मचारी सुविधा कटौती गर्नु श्रम सम्वन्धी ऐन नियमको पालना नभएको भन्ने विषयलाई आफ्नो व्यवस्थापन पत्रमा उल्लेख गरी निकायको व्यवस्थापनलाई जानकारी गराएको र उपरोक्त अनुसार उल्लिखित कमजोरी सम्बन्धमा भएको गल्ति नदोहोराउने प्रतिबद्धता व्यक्त गरेको तथा वित्तीय विवरणको प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनको हुने हुँदा उपरोक्त आर्थिक वर्ष अघि व्यवस्थापनमै रहेको व्यक्तिबाट आफनो जिम्मेवारीको बोध नगरी लेखापरीक्षकलाई मात्र दोष लगाउनु न्यायसंगत नदेखिएको हुँदा निज लेखापरीक्षकले गरेको गल्ती प्रति निजलाई अनुशासन छानविन कार्यविधिको दफा (५)११ बमोजिम **एक पटकको लागि सचेत गराई** निज उपरको उक्त उजूरीलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(क) बमोजिम तामेलिमा राख्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

........................................
सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np